# तुर्माखाँद राजपत्र


तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ४ मिति २०८१ असार १८ गते


# भाग २

## तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

### सम्बत् २०८१ को ऐन नं.४

## लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना** : तुर्माखाँद गाउँपालिकाको पुनः स्थापना तथा सेवा कोष ऐनको दफा १७ तथा नेपालको संविधान २०७२ को धारा ३८ बमोजिम महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पिडित

वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि तुर्माखाँद गाउँपालिकाको लैंगिक हिसा कोष स्थापना गरी सो कोषबाट पिडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनका लागि लैगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१ गाउँ कार्यपालिकाबाट जारी गरिएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

क. यो कार्यविधिको नाम तुर्माखाँद गाउँपालिकाको लैगिक हिंसा निवारण कोष सञ्चालन, कार्यविधि २०८१ रहनेछ ।

ख. यो कार्यविधिको गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२) <u>परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः</u>

क. गाउँपालिका भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ र सो शब्दले गाउँ कार्यपालिकालाई समेत जनाउँछ ।

ख. कोष भन्नाले दफा ३ बमोजिमको लैगिक लैगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

तुर्माखाँद

ग. पीडित भन्नाले लैगिक हिंसाबाट पीडित वा प्रभावितव्यक्ति सम्झनु पर्दछ ।

घ. घरेलू हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरीक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ङ. लैगिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसैप्रति शारिरीक, मानसिक, यौनजन्य, क्षति वा पिडा पुर्याउने कार्य सम्झनु पर्छ सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव करकाप वा स्वेच्छाचारी रुपमा महिला, पुरुष वा तेस्रो लिंगीलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित कुनै कार्य समेतलाई जनाउछ ।

३) **कोपको स्थापनाः** १) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका

तुर्माखाँद

लागि तुर्माखाँद गाउँपालिकामा एक हिंसा निवारण कोष रहने छ ।

२)कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क. संघीय तथा प्रदेश सरकारबाट पाप्त हुने अनुदान रकम ।

ख. तुर्माखाँद गाउँपालिकाद्धारा विनियोजित रकम ।

ग. विभिन्न संघ संस्था वा व्यक्तिवाट सहयोग स्वरुप प्राप्त रकम ।

घ. अन्य कुनै आन्तरिक तथा बाह्य सोतबाट प्राप्त रकम।

४) **<u>कोषमा रकम जम्मा गर्ने :</u>**

तुर्माखाँद गाउँपालिकाले प्रत्येक आर्थिक वर्षकोवार्षिक बजेटमा व्यवस्था गरी उक्त कोषमा रकम जम्मा गर्नुपर्नेछ । उक्त वजेट रकममा कार्यपालिकाले थपघट गर्न सक्नेछ

५) **<u>कोषको उपयोगः</u>** १) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क. पिडितलाई तकाल उद्धार गर्न औषधी उपचार गर्न ।

ख. पिडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पिडकलेतत्काल व्यहोर्न नसक्ने

भई अदालतको आदेश वमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न ।

ग. राहत प्रदान गर्न तथा आर्थिक सहयोग गर्न ।

घ. पिडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श तथा अन्य सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

ङ. सीपमुलक तालिम पास पिडितलाई स्वरोजगारका लागि कुनैव्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न ।

च. पिडित र प्रभावितका लागि पुर्नस्थापना गराउन ।

छ. अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनको लागि व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न ।

तुर्माखाँद गाउँपालिका

ज. स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम न्यायिक समितिले संरक्षणात्मक आदेश गरी संरक्षण गर्नुपर्ने व्यक्तिको हकमा राहतपुर्याउन ।

झ. पिडितको लागि कोष परिचालन समितिले तोके बमोजिम अन्य काम गर्ने ।

(२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष सञ्चालक समितिले लैंगिक हिंसाबाट पिडित बालवालिका तथा किशोर किशोरी वा लैगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

६) <u>कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :</u>

कोषको संघीय सरकारबाट पास शर्शत अनुदान रकम दफा (५) बमोजिम अन्य काममा लागि उपयोग गर्न सकिने छैन ।

७) <u>राहत तथा आर्थिक सहयोगको मापदण्ड तथा आधारहरु :</u>

क. अति विपन्न एकल महिला,

ख. ७० वर्ष उमेर पुगेका दलित तथा सीमान्तकृत समुदायका विपन्न महिला पुरुष वा तेस्रो लिङ्गी



तुर्माखाँद गाउँपालिका

ग. घरेलु हिंसा, जवरजस्ति करणी वा यस्तै प्रकारका हिंसाबाट पिडित महिला वा पुरुष तेस्रो लिङ्गी

घ. आर्थिक, सामाजिक रुपबाट पछाडी पारिएका विपन्न जनजाति महिला पुरुष वा तेस्रो लिङ्गी

ङ. शारीरिक रुपमा श्रम गरी जीवन गुजारा गर्ने अन्य आयस्रोत केही नभएका महिला, पुरुष वा तेस्रो लिङ्गी

च. समितिले आवश्यक ठानेका अन्य विपन्न व्यक्तिहरु ।,

छ. अन्य कुनै क्षेत्रबाट आर्थिक सहायता नपाएका व्यक्तिहरु ।

१) तुर्माखाँद गाउँलिकाले कोष सञ्चालन समिति गठन गरी पिडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नेछ ।

२) कोष सञ्चालन समिति उपदफा १) वमोजिम पिडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमलाई आधार लिनुपर्छ, रकम वितरणमा प्रथामिकता समितिले तोके बमोजिम हुनेछ।

तुर्माखाँद गाउँपालिका

क. पीडितलाई तत्काल उद्धार, औषधी उपचार पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिीर मानवीय क्षती हुने देखिएमा कोष सञ्चालन समितिले निर्णय गरी बीस हजार रुपैया नबढ्ने गरी

ख. हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसाय प्रकृति र औचित्यता आधारमा प्रतिव्यक्ति बढीमा बीस हजार रुपैया,

ग. पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविर्मशका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यर्थाथ खर्च,

घ. पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,

तुर्माखाँद गाउँपालिका

खाना खर्च वाफत प्रतिदिन तीन सय रुपैया र बास बस्नु पर्ने भएमा सो वाफत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाको दरले बढीमा पाच हजार रुपैया

ङ. पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम र खाना खर्च वापत प्रति दिन तीन सय रुपैया अस्पतालमा बस्नु पर्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वाफत प्रतिदिन पाच सय रुपैया उपचार खर्चको यर्थाथ खर्च रकम समेत गरी आठ हजार रुपैया ।

तुर्माखाँद गाउँपालिका

८) **<u>राहत तथा आर्थिक सहयोग पाप्त गर्न निवेदन दिनु पर्ने</u>**ः १) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग पाप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित गाउँपालिका कार्यालयमा निवेदन दिनुपर्ने छ ।

२) उपदफा (१) बमोजिम पाप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरी उपलब्ध उराउनु पर्ने छ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखियता पनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध उराउनु पर्ने मनासिब आधार देखियमा दफा ७ बमोजिम कोष सञ्चालन समितिवाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्धगराउनु पर्नेछ ।

४) उपदफा (१) बमोजिम पाप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखियमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ,

**९)** <u>**कोष सञ्चालन समिति**</u> : १) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष सञ्चालन समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिका अध्यक्ष : संयोजक

ख. गाउँपालिकाको उपाध्यक्ष : सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ. सामाजिक विकास समितिको संयोजक : सदस्य

ङ. स्वास्थ्य शाखाको प्रमुख : सदस्य

च आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य
च. गाउँपालिका भित्रको प्रहरी कार्यालयको अधिकृत वा प्रतिनिधि :सदस्य
छ. गाउँपालिका भित्र कार्यक्षेत्र बनाई लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजनाः सदस्य
ज. महिला बालबालिका शाखा प्रमुखः सदस्य सचिव

१०) **<u>समितिको काम कर्तब्य र अधिकार समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

क. लैंगिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने पुर्नस्थापना गर्ने तथा राहत ताथ आर्थिक सहयोग उपलव्ध गराउने सम्बनधमा कार्यक्रम तर्जुमा गर्ने ।

ख. लैगिक हिंसा पिडित तथा प्रभावितको पहिचान रवास्तविकता पिडित तथा प्रभावितहरुका लागि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

ग. स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने ।

तुर्माखाँद

घ. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमाअनुगमन गर्ने।

ङ. समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने

च. लैगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने।

छ. समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज. कोषमा रकम बुद्धिको लागि खोजी गर्ने ।

झ. लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

११) <u>समितिको बैठक र निर्णय :</u>

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग. समितिको कुल सदस्य सख्याको ५० प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

घ. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उप संयोजकले वैठकको अध्यक्षता गर्नेछ

ङ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च. समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

छ. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्ने छ।

तुर्माखाँद

ज. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ।

१२) <u>समितिको बैठक र निर्णय :</u>

क. कोषको रकम समितिको निर्णय वमोजिम नजिकको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्दछ ।

ख. उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३) कोषको लेखा र लेखा परीक्षण कोषको लेखा र लेखा परिक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।**

**१४) कोषको रकम फ्रिज नहुने अन्त्य सम्म बाँकी रहेमा त्यस्तो कोषको रकम खर्च नभई आर्थिक वर्षको रकम फ्रिज हुने छैन, कोषमा विनियोजित रकम अन्य कुनै शीर्षकमा रकमान्तर गरिने छैन ।**

१५) <u>प्रतिवेदन पेश गर्ने :</u> १) समितिले आफूले गरेको कार्यको अर्धवार्षिक प्रतिवेदन प्रत्येक ६ महिना र वार्षक प्रतिवेदन

आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँपालिकाले सार्वजनिक गर्ने छ ।

**१६) कोषको सचिवालयःकोषको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।**

**१७) अभिलेख राखने : समिमिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।**

**१८) निर्देशन दिन सक्ने :-**

क. गाउँकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख. उपदफा (क) बमोजिम गाउँकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१९) अधिकार प्रत्यायोजनः**

समितिले यस कार्यविधि वमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०) **कोष खारेज हुन सक्ने :**

क. कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा गाउँ कार्यपालिकाको निर्णयवाट कोष खारेज गर्न सकिनेछ

ख. उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँकार्यपालिकाबाट हुनेछ ।

**प्रमाणीकरण मिति २०८१।०३।११**

**आज्ञाले**
**चक्रदेव भट्ट**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपा